नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## प्रहरी महानिरीक्षकको सचिवालय

फोन:- ०१-४७१९८०२, ०१-४७१९८०३
Ext:- ०१-४७९१९००, १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या : (०८३/०८४) च.नं. :-
प्रा.प.सं. :

मिति २०८३।०५।२३ गते
ने.सं.: ११४६

विषय : **प्रेस विज्ञप्ति**

हालै भोटेकोशी/त्रिशुली नदीमा आएको विनाशकारी बाढी तथा त्यसबाट रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा भएको जनधनको क्षतिपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल लगायतका सुरक्षाकर्मीहरू खोज, उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा निरन्तर खटिइरहेका छन् । यस कठिन परिस्थितिमा राष्ट्रसेवक सुरक्षाकर्मीहरूले आफ्नो ज्यानको समेत प्रवाह नगरी विपदमा परेका नागरिकको उद्धार, बेपत्ता व्यक्तिको खोजी, घाइतेको उपचार, फेला परेको शवहरुको व्यवस्थापन तथा राहत सामग्री वितरण लगायतका मानवीय कार्यमा निर्वाह गरेको भूमिका जगजाहेर नै छ।

पछिल्लो समयमा सामाजिक सञ्जाल मार्फत नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायलाई लक्षित गरी आर्मी–पुलिसले राहत सामग्री आफूहरुले लिएको, वितरण नगरेको र सडिगली गएको भन्ने आशयको भ्रमपूर्ण तथा तथ्यहीन अफवाह फैलाएको विषयप्रति नेपाल प्रहरीको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपाल प्रहरीसँग कुनै पनि राहत सामग्री भण्डारण नरहेको समेत जानकारी गराउँदै विपदको समयमा उद्धार तथा राहत कार्यमा खटिएका राष्ट्रसेवक सुरक्षाकर्मीहरूको मनोबलमा प्रतिकूल असर पर्ने, आम नागरिकमा सुरक्षा निकायप्रति अविश्वास सिर्जना हुने तथा विपद् व्यवस्थापन सम्बन्धी संवेदनशील कार्यलाई समेत प्रभावित पार्ने गरी कपोलकल्पित आरोप तथा अफवाह प्रसार गर्नु अत्यन्त दुःखद र गैरजिम्मेवार विषय हो।

नेपाल प्रहरी लगायतका अन्य सुरक्षाकर्मीहरु विपद्का समयमा नागरिकको जीवनरक्षा, खोज तथा उद्धार र मानवीय सेवामा सदैव प्रतिबद्ध रहेका छन्। यस्तो संवेदनशील परिस्थितिमा राष्ट्रसेवक सुरक्षाकर्मीहरूको मनोबल कमजोर पार्ने तथा आम नागरिकमा भ्रम सिर्जना गर्ने किसिमका अफवाह र अपुष्ट सूचनाको प्रचार–प्रसार नगर्न सम्पूर्णमा हार्दिक अनुरोध गर्दछौ।

(अबि नारायण काफ्ले)
प्रहरी नायव महानिरीक्षक
केन्द्रीय प्रहरी प्रवक्ता